# राय, सुझाव उपलब्ध गराइदिनु हुन

नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको **"नवीकरणीय ऊर्जा (विकास तथा प्रवर्द्धन) विधेयक, २०७७"** को मस्यौदामा ७ (सात) दिनभित्र यस मन्त्रालयमा राय, सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

:

<u>नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u> : ऊर्जा न्यायको अवधारण अनुरुप नवीकरणीय लगायतका आधुनिक ऊर्जाको पहुँचबाट वञ्चित ग्रामीण इलाका, पछाडि पारिएको क्षेत्र र समुदाय समक्ष सो ऊर्जाको दिगो एवम् सर्वसुलभ पहुँच (सेवा) विस्तार गरी जनताको जीवनस्तर सुधार र वातावरण संरक्षणमा योगदान गर्नका लागि नवीकरणीय ऊर्जाको विकास र प्रवर्द्धन तथा तत्सम्बन्धी आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले;

संङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "नवीकरणीय ऊर्जा (विकास तथा प्रवर्द्धन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तत्काल प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "कर्मचारी" भन्नाले केन्द्रको कर्मचारी सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा ६ बमोजिमको नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा २४ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "खाना पकाउने स्वच्छ ऊर्जा" भन्नाले विद्युतीय वा सुधारिएको चुलोको प्रयोग गरी खाना पकाउन प्रयोग गरिने नवीकरणीय वा आधुनिक प्रकृतिको ऊर्जा सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "नवीकरणीय ऊर्जा" भन्नाले सौर्य, वायु, जैविक, हाइड्रोजन, भुतापीय, गुरुत्वबल तथा जलस्रोत बाट उत्पादित ऊर्जा सम्झनु पर्छ र सो शब्दले खाना पकाउने स्वच्छ ऊर्जा तथा आधुनिक ऊर्जालाई समेत जनाउँछ ।

(छ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले ऐनको दफा २० बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ।

(झ) "मिनि ग्रिड वा अफ ग्रिड" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड वा प्रसारण लाईनसँग आवद्ध नभइ निश्चित भौगिलिक क्षेत्रमा मात्र विद्युत सेवा आपूर्ति गर्ने प्रयोजनको लागि निर्माण गरिएको विद्युत प्रसारण वा वितरण सम्बन्धी स्थानीय प्रणाली सम्झनु पर्छ।

(ञ) "लक्षित कार्यक्रम" भन्नाले स्वच्छ तथा आधुनिक उर्जाको पहुँच नपुगेको वा पछाडि पारिएको क्षेत्र वा समुदायसम्म उर्जाको पहुँच पुऱ्याउन सञ्चालित आयोजना सम्झनु

पर्छ र सो शब्दले जलवायु परिवर्तन न्यूनिकरणका लागि सञ्चालित कार्यक्रमलाई समेत जनाउँछ।

(ट) "वास्तविक (नेट) मिटरिङ्ग" भन्नाले कुनै व्यक्ति वा संस्थाले उत्पादन गरेको सौर्य विद्युत शक्ति कुनै व्यक्ति वा संस्थालाई बिक्री गरिएको परिमाणको एकाइ (युनिट) को लगत वा विवरण सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा ८ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ण) "सानो जलविद्युत आयोजना" भन्नाले पाँच मेगावाट वा सोभन्दा कम जडित क्षमता भएको लघु वा सानो जलविद्युत आयोजना सम्झनु पर्छ ।

परिच्छेद-२

नवीकरणीय ऊर्जाको विकास गर्ने सम्बन्धी अधिकार

३. नवीकरणीय ऊर्जाको विकास र प्रयोग : (१) सबै नेपाली नवीकरणीय ऊर्जाको पहुँच पुऱ्याउने दायित्व र जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिमको दायित्व र जिम्मेवारी निर्वाहको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आपसमा सहकार्य तथा समन्वय गर्नुपर्नेछ।

(३) नवीकरणीय ऊर्जाको पहुँच विस्तारको लागि नेपाल सरकारले आवश्यकता र औचित्यको आधारमा केन्द्र मार्फत आर्थिक तथा प्रविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) नवीकरणीय ऊर्जाको विकास, प्रयोग तथा पहुँच विस्तार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४ प्रदेश सरकार तथा स्थानीय तहको अधिकार : (१) प्रचलित नेपाल कानूनको अधीनमा रही प्रदेश सरकार तथा स्थानीय तहलाई आफ्नो क्षेत्रमा नवीकरणीय ऊर्जाको विकास र विस्तार गर्ने अधिकार हुनेछ।

(२) प्रदेश तथा स्थानीयस्तरमा नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्ने कार्यमा केन्द्रले आवश्यकता अनुसार आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

५. अनुमतिपत्र लिनुपर्ने : यस ऐन बमोजिम जलस्रोत वा नवीकरणीय ऊर्जाका अन्य स्रोतबाट विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न प्रचलित कानुन बमोजिम अनुमतिपत्र लिनुपर्ने भए सो बमोजिम अनुमतिपत्र लिनुपर्नेछ।

## परिच्छेद-३

## केन्द्रको स्थापना तथा गठन

६. केन्द्रको स्थापना :(१) प्रदेश सरकार र स्थानीय तहसँग समेत सहकार्य र समन्वय गरी नवीकरणीय ऊर्जाको विकास तथा प्रवर्द्धनको माध्यमबाट स्वच्छ तथा आधुनिक ऊर्जाको प्रयोग र पहुँच विस्तार गर्ने कार्यमा सहयोग गर्न नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरिएको छ।

(२) केन्द्रको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र केन्द्रले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यकता अनुसार नेपाल भित्र शाखा वा सम्पर्क कार्यालय खोल्न सक्नेछ।

७. केन्द्र स्वशासित संस्था हुने : (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सगठित संस्था हुनेछ।

(२) केन्द्रको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र केन्द्र उपर पनि नालिस उजूर लाग्न सक्नेछ।

(५) केन्द्रले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

८. सञ्चालक समितिको गठन : (१) केन्दको उद्देश्य प्राप्तिका लागि यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम केन्द्रले गर्नुपर्ने सम्पूर्ण काम कारबाही सञ्चालन, रेखदेख तथा प्रबन्ध गर्न एक सञ्चालक समिति गठन हुनेछ।

(२) समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन् :-

(क) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वा राज्यमन्त्री -अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (ऊर्जा क्षेत्र हेर्ने) -उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) सहसचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ज) नवीकरणीय ऊर्जा क्षेत्रमा ऋण प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्थाहरु मध्येबाट

मन्त्रालयले मनोनित गरेको एक जना

-सदस्य

(झ) नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तार सम्बन्धी क्षेत्रमा काम गर्ने व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एकजना

-सदस्य

(ञ) केन्द्रको प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिम सदस्यको मनोनयन गर्दा विद्युत, जलस्रोत र नवीकरणीयको ऊर्जा क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको अनुभव र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सम्बन्धित क्षेत्रमा स्नातकोत्तर उपाधि हासिल गरेका व्यक्तिहरु मध्येबाट गर्नुपर्नेछ।

(४) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यले आफ्नो पद बमोजिमको आचरण र जिम्मेवारी पूरा नगरेमा वा केन्द्रको हित विपरीत कुनै कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको समय दिनुपर्नेछ।

९. समितिको बैठक : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समयमा र स्थानमा बस्नेछ।

(२) समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक र अध्यक्षले आवश्यक ठानेमा अन्य समयमा पनि आवश्यकतानुसार बस्नेछ ।

(३) कम्तीमा पच्चीस प्रतिशत सदस्यले छलफलको विषय सूची सहित बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) समिति बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(५) सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका विशेषज्ञ वा नेपाल सरकारको कुनै अधिकृतलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिका सदस्यको बैठक भत्ता तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४

## केन्द्रको काम, कर्तव्य र अधिकार

१०. केन्द्रको काम, कर्तव्य र अधिकार : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तारका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमको तर्जुमा गरी सोको कार्यान्वयन गर्ने वा गराउने,

(ख) नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारलाई नीति तथा योजना तर्जुमा र क्षमता अभिवृद्धिमा आवश्यक प्राविधक तथा आर्थिक सहयोग गर्ने,

(ग) प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी खाना पकाउने स्वच्छ ऊर्जाको प्रयोगलाई प्रोत्साहन र विस्तार गर्ने,

(घ) ऊर्जा सम्मिश्रण (इनर्जी मिक्स) को राष्ट्रिय लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउने आयोजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्न सहयोग आवश्यक सहयोग गर्ने,

(ङ) नवीकरणीय ऊर्जा सम्बन्धी नवीन प्रविधिको विकास, प्रयोग र परीक्षण गर्ने वा गराउने वा सो कार्यमा सहयोग गर्ने,

(च) नवीकरणीय ऊर्जा सम्बन्धी नमुना योजनाको छनौट तथा कार्यान्वयनमा प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक सहयोग गर्ने,

(छ) नवीकरणीय ऊर्जाको किफायती प्रयोग र संरक्षणका लागि आवश्यक उपायहरु अवलम्बन गर्न जनचेतना अभिवृद्धि गर्ने,

(ज) नवीकरणीय ऊर्जाको उत्पादन तथा प्रयोग गर्दा ऊर्जा दक्ष प्रविधि तथा उपकरणको प्रयोग गर्न प्रोत्साहन र सहयोग गर्ने ,

(झ) नवीकरणीय ऊर्जासँग सम्बन्धित उपकरणको जाँच, परीक्षण र गुणस्तर निर्धारण सम्बन्धी कार्य गर्ने वा गराउने,

(ञ) नवीकरणीय ऊर्जासँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको लागि विश्विद्यालय तथा अनुसन्धान केन्द्रहरुसँग आवश्यक सहकार्य गर्ने तथा अध्ययन अनुसन्धालाई प्रोत्साहन गर्ने,

(ट) नेपालले अन्तरार्ष्ट्रिय स्तरमा व्यक्त गरेका नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने,

(ठ) नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तरार्ष्टिय संघ, संस्था वा निकायसँग समन्वय तथा सहकार्य गर्ने,

(ड) नवीकरणीय ऊर्जाको क्षेत्रमा कार्यरत जनशक्तिलाई आवश्यक तालिम प्रदान गर्ने तथा सरोकारवाहरुलाई आवश्यक परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने,

(ढ) नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रविधिको विकासका लागि स्रोत पहिचान, नक्साङ्कन, राष्ट्रियस्तरको सूचना तथा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने,

(ण) नवीकरणीय ऊर्जा सम्बन्धी राष्ट्रिय तथ्याङ्क बैङ्क स्थापना गर्ने तथा नवीकरणीय ऊर्जाको उत्पादन र वितरण गर्ने प्रणाली वा आयोजनाको अभिलेख राख्ने,

(त) कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी आयोजनाको विकास तथा कार्यान्वयन गरी कार्बन व्यापार वृद्धिमा भूमिका निर्वाह गर्ने,

(थ) नवीकरणीय ऊर्जासँग सम्बन्धित जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने,

(द) नवीकरणीय ऊर्जासँग सम्बन्धित क्षेत्रमा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणलाई मुलप्रवाहीकरण गर्ने,

(ध) नवीकरणीय ऊर्जाको प्रयोग र त्यस्को उपलब्धिका विषयमा आवधिकरुपमा मूल्याङ्कन तथा समिक्षा गरी सोको जानकारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई उपलब्ध गराउने,

(न) तोकिए बमोजिम अन्य कार्य गर्ने वा गराउने।

(२) केन्द्रले उपदफा (१) बमोजिमका कार्यहरु सम्पादन गर्दा आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वयन र परामर्श गर्नेछ।

११. <u>उपसमित वा कार्यदल गठन गर्न सक्ने</u> : (१) समितिले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोके बमोजिम हुनेछ।

१२. <u>प्रयोगशालाको स्थापना र सञ्चालन</u> : (१) केन्द्रले नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रविधि तथा उपकरणको गुणस्तर निर्धारण तथा मापनका लागि प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रविधि तथा उपकरणको गुणस्तर निर्धारण तथा मापन गर्दा केन्द्रले सम्बन्धित व्यक्ति वा संस्थाबाट तोकिए बमोजिम शुल्क लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## लक्षित तथा विशेष कार्यक्रम र नमुना आयोजना

१३. लक्षित कार्यक्रम : (१) स्वच्छ तथा आधुनिक ऊर्जाको पहुँच नपुगेको तथा पछाडि पारिएको क्षेत्र र समुदाय पहिचान गरी केन्द्रले प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्य तथा समन्वयमा देहाय बमोजिम लक्षित कार्यक्रमको विकास तथा सञ्चालनको प्रबन्ध गर्नेछ :-

(क) मिनिग्रिड वा अफ ग्रिड आयोजना,

(ख) सानो जलविद्युत आयोजना,

(ग) रुफटप सौर्य ऊर्जा जडान सम्बन्धी आयोजना,

(घ) जलवायु परिवर्तन न्यूनीकरण आयोजना,

(ङ) तोकिए बमोजिम अन्य कार्यक्रम।

(२) उपदफा (१) बमोजिमको लक्षति कार्यक्रमको विकास र सञ्चालनको लागि प्रदेश सरकार वा स्थानीय तहले केन्द्रलाई लिखित अनुरोध गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुरोधको आधारमा केन्द्रले लक्षित कार्यक्रमको लागि आवश्यकता र औचित्यको आधारमा प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउनेछ।

(४) लक्षित कार्यक्रमको स्वीकृति, सोको विकास र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४ खाना पकाउने स्वच्छ ऊर्जा सम्बन्धमा : (१) केन्द्रले खाना पकाउने स्वच्छ ऊर्जाको प्रयोग र पहुँच विस्तार गर्न प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विशेष कार्यक्रमको सञ्चालन र कार्यान्वयनको लागि कोषको रकम परिचालन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम विशेष कार्यक्रम सञ्चालन र सोको लागि कोषको रकम परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. नमुना आयोजनाको विकास : (१) केन्द्रले प्रदेश सरकार वा स्थानीय तहसँगको साझेदारीमा आवश्यकता अनुसार नवीकरणीय ऊर्जाको प्रयोग अभवृद्धिका लागि नमुना आयोजनाको विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना आयोजना सम्पन्न गरे पश्चात सो आयोजना प्रदेश सरकारको कुनै निकाय वा स्थानीय तह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ।

(३) नमुना आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-५

## आर्थिक र प्राविधिक सहायोग

१६. आर्थिक र प्राविधिक सहायोग उपलब्ध गराउने : (१) केन्द्रले नवीकरणीय ऊर्जाको उत्पादन र विस्तारको लागि प्रदेश सरकार, स्थानीय सरकार वा कानून बमोजिम स्थापित निकाय वा संस्थालाई आर्थिक र प्राविधिक सहायोग उपलब्ध गराउन सक्नेछ।

(२) केन्द्रले उपदफा (१) बमोजिम आर्थिक र प्राविधिक सहायोग उपलब्ध गराउन कोषको रकम प्रयोग र परिचान गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. आर्थिक र प्राविधिक सहयोगको प्रतिवेदन र अभिलेख :(१) दफा १६ बमोजिम आर्थिक र प्रविधिक सहयोग प्राप्त गर्ने प्रदेश सरकार वा स्थानीय निकाय वा अन्य निकाय वा संस्थाले त्यस्तो सहयोगबाट विकास तथा सञ्चालन भएको आयोजना वा कार्यक्रम, सोको प्रभाव र सेवा प्रवाहबाट लाभान्वित जनसंख्या समेत उल्लेख गरी केन्द्र समक्ष प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) केन्द्रले दफा १६ बमोजिम उपलब्ध गराएको आर्थिक र प्रविधिक सहयोग र त्यसबाट विकास र सञ्चालन भएको आयोजना वा कार्यक्रमको अभिलेख राख्नुपर्नेछ।

(३) आर्थिक र प्राविधिक सहयोगको प्रगति प्रतिवेदन पेश गर्ने र अभिलेख राख्ने सम्बन्धी अन्य तोकिए बमोजिम हुनेछ।

१८. ऋण प्राप्तिमा सहयोग : (१) केन्द्रले नवीकरणीय ऊर्जा सम्बन्धी आयोजना विकास तथा सञ्चालन चाहने व्यक्ति वा संस्थालाई बैङ्क वा वित्तीय संस्थाबाट सहुलियत ऋण प्राप्ति गर्न आवश्यक सहयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नवीकरणीय ऊर्जा सम्बन्धी आयोजनाको लागि ऋण प्राप्तिको लागि सहयोग माग गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

## प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारी

१९. प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारले केन्द्रको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न एकजना प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ ।

(२) प्रमुख कार्यकारी अधिकृत नियुक्तको लागि सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछ :-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) सम्बन्धित बिषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र नवीकरणीय ऊर्जाको क्षेत्रमा कम्तीमा

पन्ध्र वर्ष काम गरेको विशेषज्ञहरु मध्येबाट मन्त्रालयले तोकेको एकजना -सदस्य

(ग) मन्त्रालयको सहसचिव -सदस्य -सचिव

(३) उपदफा (२) बमोजिम सिफारिस समितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, ऊर्जा, विज्ञान, व्यवस्थापन, अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नवीकरणीय ऊर्जाको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्ति मध्येबाट तोकिएको आधारमा खुल्ला प्रतिस्पर्धाद्वारा तीन जनाको नाम छनौट गरी प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ। मूल्यांकन सम्बन्धी अन्य आधार र मापदण्ड सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गरिएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले योग्यता, अनुभव तथा नेतृत्व क्षमताको मूल्याङ्कन गरी उपयुक्त व्यक्तिलाई प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ।

(५) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको काम सन्तोषजनक भएमा उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले निजलाई पुनः अर्को कार्यकालको लागि नियुक्त गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले प्रमुख कार्यकारी अधिकृतलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ :-

(क) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने कार्यहरु कार्यान्वयन गर्न वा गराउन निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निजले केन्द्रको कामकारबाही गर्दा बेइमानी वा बदनियत राखेको देखिएमा,

(ग) निजले आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) निजले दफा २१ बमोजिम भएको कार्यसम्पादन सम्झौता बमोजिम कार्यसम्पादन गर्न नसकेमा,

(ङ) निजको कार्यसम्पादनको उपलब्धि सन्तोषजनक नभएमा।

(७) उपदफा (६) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउनु अघि मन्त्रालयले संचालक समितिको कुनै सदस्यको संयोजकत्वमा

एक छानबिन समिति गठन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम गठित छानबिन समितिले एक महिनाभित्र मन्त्रालयसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको छानबिन समिति गठन भएपछि प्रमुख कार्यकारी अधिकृतले आफ्नो पदीय जिम्मेवारी बहन गर्न पाउने छैन ।

(१०) प्रमुख कार्यकारी अधिकृतलाई आफ्नो पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको समय दिनुपर्नेछ।

(११) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>अयोग्यता</u> : (१) देहायको व्यक्ति प्रमुख कार्यकारीको पदमा नियुक्ति हुन वा बहाल रहन योग्य मानिने छैन :-

(क) गैरनेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष पूरा नभएको,

(ङ) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(च) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व रहेको सङ्गठित संस्थाको बहालवाला कर्मचारी प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएमा साविकको पदबाट राजिनामा दिनु पर्नेछ ।

२१. <u>कार्य सम्पादन सम्झौता गर्नुपर्ने</u> : (१) यस ऐन बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतले मन्त्रालयको सचिवसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन सम्झौतामा प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्नुपर्ने काम, सो को कार्ययोजना तथा सम्पादित कामको अनुगमन र मूल्याङ्कन गर्ने सूचक समेत उल्लेख गर्नुपर्नेछ ।

(३) कार्यसम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार</u> : प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रको बजेट (आय व्ययको विवरण), वार्षिक कार्यक्रम तथा योजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत बजेट, कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने गराउने,

(ग) केन्द्रको आर्थिक र प्राविधिक सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी समिति समक्ष प्रगति विवरण पेश गर्ने,

(घ) केन्द्रबाट भए गरेका कामहरुको प्रगति विवरण आविधक रुपमा समिति समक्ष पेश गर्ने,

(ङ) कोषको लागि रकम जुटाउन आवश्यक पहल गर्ने,

(च) केन्द्रको दैनिक आर्थिक तथा प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने एवं मातहत कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सपुरीवेक्षण गर्ने,

(छ) केन्द्रको आर्थिक कारोबार सम्बन्धमा कुनै पनि व्यक्ति, फर्म वा कम्पनीसँग खरिद तथा ठेक्कापट्टा सम्बन्धी सम्झौता गर्ने,

(ज) तोकिए बमोजिम अन्य कार्यहरु ।

२३. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) केन्द्रको काम प्रभावकारीरुपले सञ्चालकगर्नका लागि केन्द्रमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) केन्द्रका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) केन्द्रले आवश्यकताअनुसार अवधि तोकि विशेषज्ञ सेवा करारमा लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम करारमा लिइएका विशेषज्ञको सेवाको शर्त, पारिश्रमिक र अन्य व्यवस्था करारमा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-७

<u>कोष, लेखा तथा लेखापरीक्षण</u>

२४. <u>कोष</u> : (१) केन्द्रको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछनः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा ऋण रकम,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सेवा उपलब्ध गराए बापतको रकम,

(ङ) कार्बन व्यापार बापत केन्द्रलाई प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को (ख) र (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि केन्द्रले नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) केन्द्रको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) उपदफा (१) बमोजिमको रकम केन्द्रले तोकेको नेपालभित्रको “क” वर्गको वाणिज्य बैङ्क वा वित्तीय संस्थामा केन्द्रको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालक तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

२५. कोषको रकमको प्रयोग :(१) कोषको रकम देहायको कार्यमा प्रयोग हुनेछ :-

(क) दफा १३ र १४ बमोजिमको आयोजनाको विकास र सञ्चालन गर्न,

(ख) नवीकरणीय ऊर्जासँग सम्बन्धित नवीन प्रविधि एवम् उपकरणको विकास र सोको अध्ययन अनुसन्धान गर्न,

(ग) खाना पकाउनको लागि स्वच्छ ऊर्जाको प्रयोग सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्न,

(घ) केन्द्रको कर्मचारीको तलब भत्ता लगायत प्रशासनिक र व्यवस्थाकिय कार्य गर्न

(ङ) यस ऐनको उद्देश्य प्राप्तिको लागि समितिले निर्धारण गरेको अन्य कार्य गर्न।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि कोषको रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कोषको रकम यसदफामा उल्लिखित कार्य वाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन

२६. केन्द्रको लेखा : (१) केन्द्रले नेपाल लेखामान अनुसारको लेखा प्रणाली अनुरुप अनुदान ऋण लगायतका सबै कारोबार र वित्तीय अवस्था देखिने गरी आय व्ययको वित्तीय विवरण तथा प्रतिवेदनहरु राख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय मापदण्ड आधारको रुपमा लिनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त दफा २४ बमोजिमको लेखा परीक्षण समितिले निर्धारण गरे बमोजिमको ढाँचाको विद्युतीय स्वरुपमा अन्य विवरणहरु राख्नुपर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम राखिने लेखामा केन्द्रको काम कारबाहीको वास्तविक स्थितिको जानकारी हुने गरी केन्द्रको आम्दानी, आर्थिक कारोबार, अनुदान र ऋणको वास्तविक स्थिति तथा दायित्वको विवरण स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ।

(५) केन्द्रबाट हुने सबै खर्चहरु स्वीकृत वार्षिक कार्यक्रम र बजेटको अधीनमा रही गर्नुपर्नेछ।

(६) केन्द्रले प्रत्येक आर्थिक वर्षमा आफ्नो वासलत र आयव्ययको हर हिसाब तयार गरी प्रमुख कार्यकारी अधिकृत तथा लेखा प्रमुखले प्रमाणित गरी प्रकाशन गर्नुपर्नेछ ।

(७) केन्द्रले आफ्नो वासलत आय व्यय हिसाब र सो सँग सम्बन्धित विवरण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

२७. लेखापरीक्षण समिति : (१) समिति सदस्यको संयोजकत्वमा केन्द्रमा तोकिए बमोजिमको एक लेखा परीक्षण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रको लेखा बजेट तथा लेखापरीक्षण कर्यीविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव केन्द्र समक्ष पेश गर्ने,

(ख) केन्द्रको आवधिक वासलत वित्तीय विवरण तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजातको लेखा परीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए नभएको बारे एकिन गर्ने,

(ग) केन्द्रले अपनाएको जोखिम व्यवस्थापन योजनाको कार्यान्वयन तथा सोको सुपरीवेक्षण गर्ने,

(घ) केन्द्रमा लागू भएको प्रचलित कानून पूर्णरुपमा पालना भएको छ भनी विश्वस्त हुन केन्द्रको प्रशासन तथा व्यवस्थापन पक्षको कार्यसम्पादन लेखापरीक्षण गर्ने,

(ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरुप केन्द्रको आर्थिक प्रशासन तथा लेखापरीक्षण कार्यको लागि आवश्यक निर्देशिका वा मापदण्ड तयार गरी केन्द्र समक्ष पेश गर्ने ।

२८. केन्द्रको लेखापरीक्षण : (१) प्रत्येक आर्थिक वर्षको अन्त्यमा केन्द्रको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षक बाट हुनेछ ।

(२) नेपाल सरकारले चाहेमा जुनसकै बखत केन्द्रको हिसाब किताब जाँच्न वा परीक्षण गर्न सक्नेछ।

## परिच्छेद-८

## विद्युत खरिद बिक्री, वास्तविक (नेट) मिटरिङ्ग तथा महसुल

२९. विद्युत खरिद बिक्री : (१) राष्ट्रिय प्रसारण ग्रिडबाट अलगै सञ्चालित सानो जलविद्युत आयोजना वा मिनि ग्रिड वा अफ ग्रिड प्रणालीबाट बिक्री वितरण भएको विद्युत बचत हुने भएमा वा सो क्षेत्रमा राष्ट्रिय प्रसारण ग्रिड मार्फत विद्युत वितरण हुने भएमा त्यस्तो विद्युत प्रचलित कानून बमोजिम अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१)) बमोजिम विद्युत बिक्री गर्ने भएमा विद्युत वितरण वा व्यापारको लागि प्रचलित कानून बमोजिम अनुमितपत्र प्राप्त संस्थाले त्यस्तो विद्युत खरिद गरिदिनु पर्नेछ।

(३) यस दफा बमोजिम विद्युत खरिद बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. वास्तविक (नेट) मिटरिङ्ग : (१) राष्ट्रिय प्रसारण ग्रिड पुगेको क्षेत्रमा रुफ टप सौर्य जडान लगायत नवीकरणीय ऊर्जाको स्रोतबाट उत्पादित विद्युत वास्तविक (नेट) मिटरिङ्ग विधिको माध्यमबाट वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न सकिनेछ ।

(२) वास्तविक (नेट) मिटरिङ्ग विधिबाट विद्युत खरिद बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. विद्युत महसुल : राष्ट्रिय विद्युत प्रसारण ग्रिड वा प्रसारण लाईनबाट अलग वा छुट्टै रहेको विद्युत प्रणालीबाट ग्राहकलाई वितरण गरिएको विद्युतको महसुल निर्धारण विद्युत महसुल सम्बन्धी नीतिको आधारमा गरिनेछ।

तर उपदफा (१) बमोजिमको नीति निर्धारण नभएसम्म विद्युत नियमन आयोगबाट निर्धारण भएको विद्युत महसुल दरलाई नै आधार मार्नुपर्नेछ ।

परिच्छेद-९

विविध

३२. अनुगमन र निरीक्षण : (१) यस ऐन बमोजिम सञ्चालित नवीकरणीय ऊर्जा सम्बन्धी योजनाको केन्द्र आफैले वा कुनै कर्मचारी खटाई अनुगमन र निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन र निरीक्षण गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका तथा केन्द्रले तोकेको शर्त बमोजिम आयोजना सञ्चालक भएको नपाइएमा सो काममा खटिएका कर्मचारीले त्यस्तो व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन र निरीक्षण गर्न खटिएको कर्मचारीले दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

३३. वार्षिक प्रतिवेदन : (१) केन्द्रले आफुले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(२) वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३४. अधिकार प्रत्यायोजन : (१) संचालक समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी संचालक समितिको अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत वा केन्द्रको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रमुख कायकाारी अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार ब्युरोका अधिकृत कमाचारीलाई प्रत्यायोजन गर्न सक्नेछ

३५. निर्देशन दिनसक्ने : (१) मन्त्रालयले नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालकगर्न केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु गराउनु केन्द्रको कर्तव्य हुनेछ।

३६. काम कारबाही बदर नहुने : अध्यक्ष, सदस्य वा प्रमखु कार्यकारी अधिकृतको नियुक्ति वा समितिको गठिमा कुनै रीत नपगेको वा अध्यक्ष वा सदस्यको पद रिक्त रहेको कारणले मात्र केन्द्र वा समितिको कुनै काम कारबाही बदर हुनेछैन ।

३७. असल नियतले गरेकोमा बचाउ : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा मापदण्ड बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा अध्यक्ष, सदस्य, प्रमुख कार्यकारी अधिकृत वा केन्द्रको कुनै कर्मचारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुनेछैन।

तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा भने निज व्यक्तिगत रुपमा जिम्मेवार हुनेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा अध्यक्ष,

सदस्य, प्रमुख कार्यकारी अधिकृत वा केन्द्रको कुनै कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च ब्यूरोले व्यहोर्नेछ ।

तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च केन्द्रले व्यहोर्ने छैन ।

३८. <u>शपथ ग्रहण</u> : केन्द्रका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीले आफ्नो पदीय जिम्मेवारी सम्हाल्नु अघि तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

३९. <u>सहमति लिनुपर्ने</u> : सहमति लिनु पर्ने : यस ऐनको कार्यान्वयन गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा व्यूरोले नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

४०. <u>नेपाल सरकारसँग सम्पर्क</u> : केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

४१. <u>केन्द्रको विघटन गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम काम कारबाही सम्पादन गर्न असमर्थ भएमा नेपाल सरकारले केन्द्रको विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्रको विघटन भएमा केन्द्रको सम्पति तथा दायित्वको जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

४२. <u>केन्द्रमा स्वतः परिणत हुने</u> : वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ बमोजिम स्थापना भएको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र यो ऐन प्रारम्भ भएपछि स्वतः केन्द्रमा परिणत हुनेछ ।

४३. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४४. <u>निर्देशिक तथा मापदण्ड बनाउने अधिकार</u> : यो ऐन र यो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही केन्द्रले आवश्यक निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४५. <u>बचाउ</u> : (१) यो ऐन प्रारम्भ हुनु अघि वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ बमोजिम स्थापना भएको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) उपदफा (१) मा उल्लेख भए बमोजिमको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको चल अचल सम्पति लगायतको जायजेथा, दायित्व र केन्द्रमा कार्यरत कर्मचारी स्वतः केन्द्रमा परिणत भएको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा कार्यरत कार्यकारी निर्देशक निजको बाँकी पदावधि सम्म केन्द्रको प्रमुख कार्यकारी अधिकृतको रुपमा बहाल रहनेछ ।

अनुसूची

(दफा ३८ सँग सम्बन्धित)

शपथ

म ............................................ ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु की नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको पदको जिम्मेवारी र कर्तव्य कसैको डर मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमानदारीसाथ पालना गर्नेछु ।आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू पदमा बहाल रहे वा नरहे पनि कुनै अवस्थामा प्रकट गर्ने छैन ।

मिति :............................................ हस्ताक्षर : ...............................................